UNITED NATIONS
NEPAL

**प्रेस विज्ञप्ति**

**अगस्ट २०२४**

**१३**

***नेपाल युवा सम्मेलनले युवा आवाजलाई सशक्त बनाउँदै उनीहरुले सामना गरिरहेका मुख्य मुद्दाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौता आह्वान गर्दछ।***

**राष्ट्रसंघको सेप्टेम्बर महिनामा हुने 'समिट अफ द फ्युचर' अघि निर्णयप्रक्रियामा सहभागिता, सीप विकास र जलवायुसम्बन्धी कार्यहरूमा युवा सहभागितालाई जोड दिँदै नेपाल युवा घोषणापत्र प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिएको छ।**

साउन २९ । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्को नेतृत्वमा, नेपालस्थित संयुक्त राष्ट्रसंघसँगको साझेदारी र नागरिक समाजका संस्थाहरुको सहयोगमा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नेपाल युवा सम्मेलनको आयोजना गरिएको छ ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले साउन २८ गते उद्घाटन गर्नुभएको सम्मेलनमा देशका सातै प्रदेशका १ सय ७० जनाभन्दा बढी युवा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उनीहरुको छनोट सातै प्रदेशमा बृहत् परामर्शबाट गरिएको थियो ।

सम्मेलनमा शिक्षा तथा डिजिटलाइजेसन, स्वास्थ्य, आप्रवासन, मर्यादित काम तथा सामाजिक सुरक्षा र जलवायु परिवर्तन तथा कृषि खाद्य प्रणालीको ६ वटा विषयगत समूहमा छलफल भएको थियो । यसमा सहभागी**हरू**ले उनी**हरू**लाई ती विषयहरुले पारेको प्रभावबारे भनाइ राखेका थिए ।

२०८१ असोज ६ र ७ गते (सेप्टेम्बर २२-२३) न्युयोर्कमा हुने 'समिट फर द फ्युचर (भविष्यको सम्मेलन)'को अवसर पारेर नेपाल युवा सम्मेलन आयोजना गरिएको हो । नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलसहित विश्वका नेता**हरू**को सहभागितामा राष्ट्रसंघमा हुने उक्त सम्मेलनले सबै तहमा युवा**हरू**को सहभागितालाई अभिवृद्धि गर्ने विषयमाथि पैरवी गर्ने भविष्यको पुस्तासम्बन्धी सम्झौतालाई ग्रहण गर्नेछ ।

समारोहमा बोल्दै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले भन्नुभयो, "राष्ट्रिय विकासमा युवा सहभागिता बढाउँदै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जनामार्फत युवा सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व, खेलकुद तथा मनोरञ्जनलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्न जरुरी छ । साथै, राज्यको सर्वाङ्गीण विकासमा उनीहरूको विशेष योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अपरिहार्य छ भन्ने मलाई लाग्छ ।"

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आज भएको समापनको समारोहमा दुई दिने नेपाल युवा सम्मेलनले जारी गरेको युवा घोषणापत्र प्रस्तुत गरिएको छ । नेपालको युवा घोषणापत्रले 'प्याक्ट अफ द फ्युचर (भविष्यको सम्झौता)' मा योगदान गर्नेछ । यसले वर्तमान र भावी पुस्ताका लागि अझै उत्थानशील विश्व समुदायलाई बढावा दिन सदस्यराष्ट्रहरूको कार्य तथा प्रतिबद्धताको प्रारूप/खाकालाई निर्क्योल गर्नेछ ।

UNITED NATIONS
NEPAL

यो घोषणापत्रले युवाहरूलाई आफ्नो पूर्ण क्षमता उपयोगका लागि सीप र सेवामा पहुँच पुर्‍याउने सुनिश्चितता गर्न नेताहरूलाई आवश्यक कदमहरू चाल्न आह्वान गरेको छ। नेपाल एक मध्यम आययुक्त देशमा स्तरोन्नति हुँदै गर्दा युवा विकासलाई गति दिन सामाजिक र आर्थिक अवसरहरू सिर्जना गर्ने तथा महिला र बालिका, अपांगता भएका युवा र पछाडि पर्नसक्ने जोखिममा रहेकाहरूविरूद्धका हानिकारक अभ्यासहरूसमेतका संरचनागत र चलिआएका अड्चनहरू हटाउने पहल गर्न र एक स्वच्छ, स्वस्थ र दिगो वातावरणका लागि प्रभावकारी जलवायु कार्य गर्न आह्वान गरेको छ।
युवा सम्मेलनको घोषणपत्र ग्रहण गर्दै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले असोजमा हुने समिट अफ द फ्युचर (भविष्यको सम्मेलन)मा नेपाली युवाहरुको आशा र अपेक्षालाई साझा गरिने प्रतिवद्धता जनाउनु भयो।

**‘संयुक्त राष्ट्रसंघको नेपालस्थित आवासीय संयोजक हाना सिंगर हाम्दीले “निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता, आवश्यक स्रोतहरूको पहुँच, तथा सीप र नवप्रवर्तनमा लगानीको महत्त्वलाई जोड दिँदै युवाहरूलाई आर्थिक वृद्धि, लैङ्गिक समानता , जलवायु परिवर्तनसँग लड्न र सबैका लागि समृद्ध, दिगो भविष्य निर्माण गर्न सक्षम बनाउनु आवश्यक**रहेको बताउनुभयो।

शिक्षा, स्वास्थ्य, आप्रवासन, सामाजिक सुरक्षा, लैंगिक समानता, जलवायु परिवर्तन र अन्य थुप्रै क्षेत्रहरूमा युवा सहभागीहरुको ज्ञान, सीप र क्षमताहरूलाई मजबुत पार्नको लागि सम्मेलनअघि देशका सातै प्रदेशहरूमा युवा परामर्श गरिएको थियो।

**थप जानकारीका लागि**
सिम्रिका शर्मा
राष्ट्रिय सूचना अधिकृत
राष्ट्रसंघ सूचना केन्द्र
इमेल: simrika.sharma@un.org
फोन नं. : ५५२३२०० एक्टेसन : १५१०